आज मिति २०७६ साल पौष २७ गते आइतबारका दिन विहान ७:३० बजे यस नगरपालिकाको ४४ औं कार्यापालिका बैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बस्यो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| | नगरप्रमुख/अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| | कार्यपालिका सदस्य | श्री विनोदबहादुर बस्नेत | |
| | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | |
| | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | |
| | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| | सचिव | श्री गणेशप्रसाद दाहाल | |
| आमन्त्रित : | | | |
| | लेखा अधिकृत | श्री टेकनाथ रेग्मी | |
| Roshan | सू.प्र.अ. | श्री रोशन खनाल | |
| | ना.सु. | श्री रोहित निरौला | |

| | | | |
|---|---|---|---|
| | लेखापाल | श्री शालिग्राम दाहाल | |
| | सहायक पाचौं | श्री तिर्थराज घिमिरे | |
| | क.अ. | श्री बाबुराम भट्टराई | |
| | क.अ. | श्री निरज न्यौपाने | |
| | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| | कार्यालय सहायक | श्री विजयराज श्रेष्ठ | |
| | कार्यालय सहयोगी | श्री उमा कटुवाल | |
| | कार्यालय सहयोगी | श्री दिवश कार्की | |
| | कार्यालय सहयोगी | श्री समुद्र विश्वकर्मा | |
| | अंगरक्षक | श्री फुर्वा शेर्पा | |

**प्रस्ताव नं. १ : अपाङ्गता रोकथाम तथा पूनर्स्थापना कार्यक्रम संचालन सम्वन्धमा ।**

निर्णय : प्रस्ताव नं. १ माथि छलफल गर्दा १ नं प्रदेश सामाजिक विकास मन्त्रालय, सुन्दरहरैंचा नगरपालिका र करुणा फाउन्डेशन नेपाल वीच अपांगता रोकथाम तथा पुनःस्थापन कार्यक्रम संचालनका लागि त्रिबर्षिय कार्यक्त्रम संचालनका लागि २०७६।०८।२२ गते नगरप्रमुख ज्यूबाट भएको सम्झौतालाई अनुमोदन गर्ने । उक्त कार्यक्रमको लागि कूल लागत रु २ करोड २६ लाख ७२ हजार २ सय ६० मध्ये यस नगरपालिकाबाट जम्मा रु ८८ लाख २५ हजार ४ सय ८० मात्र नगरपालिकाको तर्फबाट व्यहोर्ने र सो मध्ये चालू आर्थिक बर्ष २०७६।७७ का लागि नगरपालिकाले ब्योहोर्नु पर्ने रु ३३ लाख ८ हजार ८ सय ८३ मात्र चालू आर्थिक बर्षको आन्तरीक श्रोत तर्फ बृद्धि हुन गएको श्रोतबाट उक्त कार्यक्रममा रकम वीनियोजन गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता छनौट सम्वन्धि कार्यविधि सम्वन्धमा ।**

निर्णय : प्रस्ताव नं. २ माथि छलफल गर्दा १ नं प्रदेश सामाजिक विकास मन्त्रालय, सुन्दरहरैंचा नगरपालिका र करुणा फाउण्डेसन बिच सम्झौता भइ संचालन हुने अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम संचालनको लागी समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता छनौट सम्बन्धि कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ : घरनक्सा अभिलेखिकरण सम्वन्धमा ।**

निर्णय : प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४२ को प्रयोजनार्थ सोही दफाको उपदफा (१) को खण्ड (घ) बमोजिमको दस्तुर लिई निर्माण भएका भवनहरुको नक्सापास/अभिलेखिकरणको लागि पटक/पटक म्याद थप दिई सूचना प्रकाशन गर्दा समेत हालसम्म निर्माण भएका सबै भवनहरु नक्सापास/अभिलेखिकरणको दायरामा आई नसकेको र छुट भएको सेवाग्राहीबाट नक्सापास/अभिलेखिकरणको लागि माग भई आएको हुदाँ सोही दफाको उपदफा १ को खण्ड (घ) बमोजिम दस्तुर लिई अभिलेखिकरणका लागि सूचना प्रकाशित भएको मिति देखी लागूहुने गरी चालू आर्थिक बर्षको आषाढ मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरीयो ।

विविध :

**(क) खोलाजन्य पदार्थको श्रोत संकलनका लागि वातावरण प्रभाव मूल्यांकन (IEE) गर्ने सम्वन्धमा ।**

निर्णय : प्रस्ताव नं. विविध (क) माथि छलफल गर्दा नेपालको संविधानको अनुसूची ८ (१४) मा उल्लेख भए बमोजिम प्रकृतिक श्रोत संकलनको साझा अधिकार प्रदेश र स्थानीय सरकारलाई भएको विषयलाई मध्यनजर गर्दै जिल्ला समन्वय समितिको कार्यालय विराटनगर मोरङले आ.व. २०७४।०७५ मा यस नगर क्षेत्र भएर बहने खोला गछिया, बुढी, लोहोद्रा र खदम खोला क्षेत्रको वातावरण प्रभाव मूलयांकनको अबधि चालू आर्थिक बर्ष सम्म मात्र कायम रहेको कुरालाई मध्यनजर गरी आगामी आ.व.का लागि यस नगर क्षेत्रमा भएको प्रकृतिक श्रोत (खोला तथा जंगल क्षेत्रको) वातावरण प्रभाव मूल्यांनको प्रक्रिया अगाडी बढाउन नगरकार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

(ख)

निर्णय : प्रस्ताव नं. विविध (ख) माथि छलफल गर्दा साग गेममा सहभागि भई फुटवल खेलमा गोल्ड मेडल प्राप्त गर्ने सुन्दरहरैंचा नगरपालिका वडा नं. १ बस्ने विजय खवासलाई प्रोत्साहन स्वरुप रु. १,५१,०००।– र कराते प्रशिक्षक राजन श्रेष्ठलाई रु. ५१,०००।- प्रदान गर्ने निर्णय गरियो।

(ग) चालू आर्थिक बर्षको कर तथा राजश्व संकलनका लागि यस नगरपालिकलाको नगरसभाबाट पारित आर्थिक ऐन २०७६ मा कृषि समूह/पकेट क्षेत्र गठन/नवीकरणका लागि राजश्व तथा करको दर निर्धारण नभएको पाईएकोले नगर प्रमुख स्तरीय निर्णयबाट तोकिएको राजस्व रकम रु. ११००।- अनुमोदन गर्ने निर्णय गरियो साथै चालू आर्थिक बर्षको खोला ठेक्का संचालन गर्ने स्वामीनारायण निर्माण सेवा प्रा.ली. धरान १० को विभिन्न मितिमा नगर प्रमुख स्तरीय निर्णयबाट भएको म्याद थप अनुमोदन गर्ने निर्णय गरियो।

घ) खेलाडी सम्मान गर्ने सम्बन्धमा ।

यस नगरपालिका क्षेत्र भित्र स्थायी बसोवास भई राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय स्तरका जुनसुकै विधाको प्रतिस्पर्धामा सहभागिहुने खेलाडि तथा प्रतिस्पर्धिलाई नगरप्रमुख स्तरीय निर्णयबाट रु २५ हजार सम्म प्रोत्साहन रकम दिने र पदक प्राप्त गरी आउने खेलाडि तथा प्रशिक्षकहरुलाई कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुने गरी प्रोत्साहन गर्ने निर्णय गरीयो ।

(ङ) स्थायी नियुक्ती सम्बन्धमा।
स्थानीय सेवामा नियुक्तिका लागि मिति २०७६।०८।१३ र मिति २०७६।०८।२३ मा निर्णय भएको तपसिलका कर्मचारीहरुको नियुक्ती अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिलः

१. सिजन श्रेष्ठ, वाना १, संखुवासभा, सहायक स्तर पाँचौ, प्रशासन सेवा, सामान्य प्रशासन समूह
२. केशव कुमार त्रिताल, खादवारी ८, संखुवासभा, सहायक स्तर चौथो, प्रशासन सेवा सामान्य, प्रशासन समूह

च)

यस नगरपाकिलाको वडा नम्बर १ मा रहेका ८ वटा सटरहरु मध्ये ७ वटा सटरको भाडा हाल सम्म जम्मा नगरेकोले हाल सम्मको सटर भाडा जम्मा गर्नका सटर प्रयोग गरी बस्ने ब्यक्तिहरुलाई लागि १५ दिने सूचना दिने र सो समय भित्र भाडा जम्मा गरेमा नगरपालिका कार्यालयले निर्णय गरे बमोजिमको भाडा कायम गरी निजहरुसँग नै सम्झौता गर्ने सो नभए सरकारी बाकी सरह असुल गरी सार्वजनिक सूचना मार्फत सटर भाडामा लगाउन नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो।